म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १२२ मंगलबार २६ मंसिर २०८० ने. सं. ११४४ कछलागा 12 December 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**अल्जाईमर्सका बिरामीलाई सहयोग गरौं**

- अल्जाईमर्स प्राय: ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन् ।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ यस्ता बिरामीलाई सहयोग गरौं, एक्लै नछोडौं र चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### निजगढ-हेटौंडा-भरतपुर खण्डको डिजाइन कार्य अन्तिम चरणमा

# हेटौंडाको रातोमाटेमा रेलवे स्टेशन बन्ने

भानुभक्त आचार्य

हेटौंडा, २५ मंसिर/ नेपालको रेल बिभागले निजगढ-हेटौंडा-भरतपुर खण्डको बिस्तृत डिजाईन कार्य अन्तिम चरणमा पुगेको जनाएको छ । नेपाल सरकारले २०६७ सालमा रेलवे बिभागको स्थापना गरेपछि धिमा गतिमै भएपनि काम गरिरहेको छ ।

मेची-महाकाली द्रुत विद्युतीय रेलमार्गको काम बिभिन्न खण्डमा बिभाजन गरेर यसको बिस्तृत डिजाइनको काम भइरहेको बिभागले जनाएको छ । निजगढ-हेटौंडा-भरतपुर खण्डमा यात्रु स्टेशन ५ वटा रहेन प्रारम्भिक अध्ययनमा देखिएको छ । सिग्नल स्टेशन ९ वटा रहने रेलमार्गको केन्द्रबिन्दुबाट २५-३० मिटर दायाँबायाँ राइट अफ वे रहने बताइएको छ । यात्रु स्टेशनका लागि एकसय ६० मिटर चौडाई र एक सय ७० मिटर लम्बाई भएको जमिनको आवश्यकता पर्ने बताइएको छ ।


फाइल तस्वीर

अधिकतम् गति एक सय ८० किलोमिटर प्रतिघण्टाको रहनेगरी रेलमार्ग निर्माण गरिने प्रारम्भिक अध्ययनमा देखिएको छ । हाल ब्रोडगेजको सिंगल लाइन निर्माण गरिने तर, आवश्यकताका आधारमा भबिश्यमा डबल लाइन निर्माण गरिने गरी अध्ययन भइरहेको फुलब्राईट कन्सलटेन्सी प्रालिले जनाएको छ । प्रालिका प्राबिधिकका अनुसार वातावरणीय प्रभाव मूल्यांकनको प्रतिबेदन तयारीका लागि कुनै गुनासो भए सोको जानकारी दिनका लागि सूचना पनि गरिएको छ ।

बाराको निजगढ नगर पालिकाको वडा नं. ३, ४, ५, १०, ११, १३ र जीतपुर सिमरा उपमहानगरपालिकाको २२ नं वडामा निर्माण गरिने रेलवे लाइनका लागि स्थानीय सरोकार वालाबीच छलफल भइरहेको कन्सल्टेन्सीले जानकारी दिएको छ । हेटौंडा उपमहानगरको वडा नं. ८, ९, १२, १३, १४, १५, १६, मनहरी गाउँपालिकाको वडा नं.३, ५, ६, ८, ९ मा रेलवे लाइन निर्माण हुनेछ ।

त्यस्तै चितवनको राप्ती नगरपालिकाको वडा नं. १, २, ३, ६, खैरहनी नगरपालिकाको वडा नं. ५, ७, १०, रत्ननगर नगर पालिकाको वार्ड नं. ४, ५, ९ र भरतपुर महानगरको वार्ड नं. ४, ५, ७, ८, १६ मा रेलवे निर्माण गेर्न प्रस्ताव गरिएको छ । चितवन राष्ट्रिय निकुञ्जको टिकौली जंगलको ४ किमि क्षेत्रमा कसर अगाडि बढ्ने भन्ने बिषयमा पनि छलफल भइरहेको बताइएको छ । हेटौंडा-१६ र जीतपुर सिमरा उपमहानगरको २२ नं. वडाको बीचमा पर्ने चुरे पहाडमा करिव ७ किमि सुरुङमार्ग निर्माण गरी रेलवे लाइनले बारा र मकवानपुर जोड्ने गरी अध्ययन अगाडि बढाइएको छ ।

नेपाल सरकारको प्रचलित नियम कानून अनुसार रेलवे आयोजनाले स्थानीयमा पर्नसक्ने सामाजिक, सांस्कृतिक, वातावरणीय प्रभावका बारेमा पनि अध्ययन गरी प्रतिबेदन तयारी गर्ने कार्य भइरहेको कन्सल्टेन्सीले जनाएको छ । यसका लागि हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकामा सरोकारवालाबीचमा सार्वजनिक सुनुवाई पनि आयोजना गरिने छ । स्थानीयले सार्वजनिक सुनुवाइका क्रममा आफ्नो समस्या वा गुनासोहरु निर्धक्कसँग राख्न सक्ने बताइएको छ ।

रेलवे सर्भेको बिषयमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको संयोजकत्वमा आइतबार छलफल भएको थियो । उपमहानगरको अरु वडामा कुनै समस्या नभएपनि हेटौंडा-१५ र १६ मा समस्या देखिएको बताइएको छ । हेटौंडा-१५ का वडाअध्यक्ष सुनिल मोक्तान विदेशमा रहेकोले वडाअध्यक्ष मोक्तान नेपाल फर्किएपछि पुसको पहिलो हप्ता छलफल गर्ने सहमति भएको छ ।

रेलवे परियोजनाका लागि निजगढ-हेटौंडा-भरतपुर खण्डमा निजी जग्गा करिब ४ सय हेक्टर अधिग्रहण गर्नुपर्ने देखिएको छ । सरकारी जमिन वा जंगल क्षेत्र करिब ७ सय हेक्टर र खोला, खहरे, नदीबगर आदि ४० हेक्टर जग्गा आवश्यक देखिएको प्राबिधिकहरुले बताएका छन् । रेलवे परियोजनाका लागि अध्ययन गर्ने फुलब्राईट कम्पनीले नै हेटौंडा-भीमफेदी-कुलेखानी-सिस्नेरी-काठमाडौं सुरुङ्गमार्ग निर्माण गर्ने नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडको परियोजना प्रस्तावको प्रारम्भिक अध्ययन गरेको थियो ।

# खेलकुद महोत्सवका लागि खड्कीको संयोजकत्वमा आयोजक समिति

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/खेल क्षेत्रको विकासका लागि मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजना हुन लागेको बृहत् खेलकुद तथा व्यापार महोत्सवका लागि मूल आयोजक समिति गठन भएको छ ।

खेलकुद विकास समितिका अध्यक्ष भेष खड्गीको अध्यक्षतामा १०१ सदस्यीय महोत्सव मूल आयोजक समिति गठन भएको हो । खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाको संयोजकत्वमा विभिन्न खेल संघका पदाधिकारी रहने गरी खेलकुद संयोजक निर्माण गरिएको छ । यस्तै सम्पूर्ण पूर्वअध्यक्षहरु सल्लाहकार समिति निर्माण भएको छ । महोत्सवमा राष्ट्रिय, प्रदेश तथा स्थानीय गरी १३ वटा विभिन्न खेलकुद प्रतियोगिता हुनेछ ।

महोत्सवमा महिलाको राष्ट्रिय उसु प्रतियोगिता, महिलाकै राष्ट्रिय भलिबल, कबड्डीको महिला पुरुष दुवै विधाको प्रदेशस्तरीय प्रतियोगिता हुनेछ । यस्तै कराँतेको जिल्लास्तरी प्रतियोगिता, फुलकन्ट्याक्ट कराँतेको जिल्लास्तरीय, आर्चारीको खेल प्रदर्शन, रेस्लिङको आमन्त्रित र कुस्तीको अन्तर्राष्ट्रिय प्रदर्शन हुनेछ । ब्याड्मिन्टनको खुला प्रतियोगिता, आइटीएफ तेक्वान्दो र हक्कीको प्रदेशस्तरीय प्रतियोगिता र महिलाको लागि ७ ए साइड फुटबल प्रतियोगिता गर्ने आयोजकले जानकारी दिएको छ । सबै प्रतियोगिताको विजेता उपविजेताले नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

खेलकुद महोत्सवबाट कम्तिमा २५ लाख रुपैयाँ खेलकुद विकास समितिले बचत गर्ने लक्ष्य रहेको अध्यक्ष खड्गीले बताए । 'मकवानपुर खेल क्षेत्रको उर्वरभूमि हो । आर्थिक अभावकै कारण धेरै खेलाडीले बीचमै खेल छोड्नुपरेको छ । आर्थिक अभावमा उपचार हुन नसकेको अवस्था छ', अध्यक्ष खड्गीले भने, 'यो सबै समस्याको समाधानका लागि आर्थिक जोहो गर्ने उद्देश्यले खेलकुद तथा व्यापार महोत्सवको आयोजना गर्न लागेका हौं । हाम्रो उद्देश्य पवित्र छ, तसर्थ सबै संघसंस्था र आम जिल्लाबासीबाट सहयोग प्राप्त हुनेमा विश्वस्त छौं ।'

महोत्सवबाट प्राप्त हुने रकम खेलकुद समितिमै राखेर खेल र खेलाडीको बृत्तिविकासमा लगाउने अध्यक्ष खड्गीले प्रष्ट्याए । महोत्सवमा खेलकुदको स्पर्धासँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, धार्मिक, सामुदायिक, स्वास्थ्य, जनचेतनामूलक, खानाखाजाका स्टल समेत रहनेछ । यस्तै बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरी समेत आयोजना हुने आयोजकले जानकारी दिएको छ । महोत्सवमा मकवानपुरमा क्रियाशील खेलकुदसँग सम्बन्धित सबै संघसंस्थाको प्रतिनिधित्व रहने बताइएको छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

# कोदो फलाउने किसानलाई प्रोत्साहन अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरको भीमफेदी गाउँपालिकाले कोदो खेती गर्ने किसानलाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान रकम वितरण गर्ने भएको छ । गाउँपालिकाले सम्बन्धित वडा कार्यालयबाट अनुदान रकम वितरण गर्ने भएको हो ।

गाउँपालिकाले हालैमात्र सूचना प्रकाशित गरेर सम्बन्धित वडामा गएर अनुदान वापतको रकम लिन कोदो उत्पादन गर्ने किसानलाई अनुरोध गरेको छ । सूचनामा अनुदान वापतको रकम लिनको लागि आवश्यक कागजात सहित तोकिएको मितिमा सम्बन्धित वडा कार्यालयमा उपस्थित हुन अनुरोध गरिएको छ । भीमफेदी गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिकाको ३ देखि १५ रोपनीसम्म कोदो खेती गर्ने कृषक वा कृषि फर्मलाई अनुदान दिन लागिएको हो ।

सूचनाअनुसार मंसिर २५ गते ४ नम्बर वडा कार्यालय चिउरी बगैंचामा, मंसिर २७ गते ३ नम्बर वडा कार्यालय झल्कनेमा, मंसिर २९ गते २ नम्बर र ८ नम्बर वडा कार्यालयमा, पुस १ गते १ नम्बर वडा कार्यालय सानुटारमा र पुस २ गते वडा नम्बर ५ र वडा नम्बर ६ को लागि भीमफेदी गाउँपालिकाको कार्यालयमा अनुदान रकम प्रदान गरिनेछ ।

# थाहा महोत्सवमा उत्कृष्ट भएका कृषक पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ थाहा नगरपालिकामा जारी चौंथो थाहा महोत्सवको अवसरमा आयोजित कृषि मेला प्रदर्शनीबाट उत्कष्ट ठहरिएका कृषकलाई पुरस्कार प्रदान गरिएको छ ।

सोमबार थाहा नगर पालिका कार्यालयमा नगर प्रमुख विष्णुबहादुर विष्टले उत्कृष्ट कृषकहरुलाई नगर पुरस्कार र प्रमाणपत्र प्रदान गरेका हुन् । उत्कृष्ट कृषकहरुले पुरस्कारको राशी क्रमश: २ हजार, १ हजार ४ सय र १ हजार रुपैयाँ पाएका छन् । थाहा नगरपालिका कृषि विकास शाखाको आयोजनामा भएको पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथि विष्ट, थाहा नगरपालिकाको प्रशासन महाशाखा प्रमुख नवीन खालिङ राई, कृषि शाखा प्रमुख सञ्जय तिवारी लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

महोत्सवबाट काउली तथा जरे तरकारी बालीतर्फको प्रतिस्पर्धामा प्रथम सुमित्रा घलान, द्वितीय राजकुमार घिसिङ र तृतीय अनिता सिन्तान भएका छन् । यसैगरी, फलफूल समूहको तरकारी बालीतर्फ प्रथम साननानी ढकाल, द्वितीय थाहा सिङ, तृतीय कुमार कार्की, कन्दमूल बालीतर्फको स्पर्धामा प्रथम कृष्ण कार्की, द्वितीय देउती माया आले, तृतीय डोलकुमारी ढकाल, फलफूल बालीतर्फ प्रथम भक्तबहादुर आले मगर, द्वितीय क्षेत्रबहादुर आले र तृतीय मजिरमान महर्जन भएका छन् ।

आलु बीउतर्फ प्रथम भवानी घमाल, द्वितीय रेशमबहादुर विष्ट, तृतीय सानोभाई खडका, अन्न बालीतर्फको प्रतिस्पर्धामा प्रथम शिवराम कार्की, द्वितीय पार्वती ढकाल र तृतीय रिता कुमारी थापा, अन्यमा प्रथम कफी उत्पादक किसान दुर्गाबहादुर आले मगर, द्वितीय बारही मौरी घर र तृतीय भक्तबहादुर आले मगर पुरस्कृत भएका हुन् ।

मेला हेर्न

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म
हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

**मुख्य आकर्षणहरु :**

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्धारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

साझाकुरा

## हाम्रो कुरा

# सरकारी ढुकुटीको चपेटामा व्यवसायी

संघीय सरकारको बजेटबाट निर्माण भएको जिल्ला अदालत मकवानपुरको भवन निर्माण गर्ने व्यवसायी साउनदेखि काम गरेको पैसा माग्न भौतारिएका छन् । व्यवसायीले काम सकाएको झण्डै पाँच महिनादेखि साढे २ करोड रुपैयाँ भन्दा बढी रकम सरकारबाट पाएका छैनन् । ऋण लिएको अवस्थामा निर्माण व्यवसायीले साढे २ करोड रुपैयाँको बैंक ब्याज लाखौं तिर्नुपर्ने हुन्छ । संघीय सरकारको अर्थ मन्त्रालयले भवन निर्माण सम्पन्न भइसक्दा पनि कविन्द्र/नवसिर्जनशील/सेलेट जेभीलाई साढे २ करोड रुपैयाँ बढी रकम निकासा गरेको छैन । निर्माण व्यवसायी अर्थ मन्त्रालयमा भुक्तानीको लागि पुगेका छन् । उनीहरुलाई विगतमा जस्तै ढुकुटीमा पैसा नै नभएको जवाफ आएको नवसिर्जनशील निर्माण कम्पनीले जानकारी दिएको छ । सरकारले निर्माण ब्यवसायीको पैसा भुक्तानी रोकेको छ । नेपालका निर्माण व्यवसायीले देशभरका व्यवसायीसँग संकलन गरेर तयार पारेको विवरणअनुसार करिब १ खर्ब रुपैयाँ भुक्तानी बाँकी रहेको देखिएको छ ।

सरकारी निकायले विभिन्न कारण देखाउँदै भुक्तानी रोकेकाले यो रकम बढ्दै गएको नेपाल निर्माण ब्यवसायी महासंघको भनाइ छ । म्याद थपको बिषय स्पष्ट नभएको भन्दै भुक्तानी रोकिएको छ । संघीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारलाई सम्झौता गरी हस्तान्तरण गरेको र प्रदेश तथा स्थानीय सरकारले पुन: संघीय सरकारलाई जिम्मा लगाएका आयोजनामा काम भैरहेको भएपनि बजेट र कार्यक्रम नहुँदा समस्या देखिएको व्यवसायीले बताएको छन् । ठेक्का लगाई निर्माण कार्य सम्पन्न भइसकेका आयोजनाको भुक्तानी पाउनको लागि निर्माण व्यवसायीले पटकपटक पत्राचार गर्दै आइरहेको महासंघले जनाएको छ । विभिन्न परियोजना हस्तान्तरण गर्दा निर्माण व्यवसायीलाई निर्माण कार्य संचालन गर्न र निर्माण कार्य सम्पन्न भई बिल पेश गरेका आयोजनाको भुक्तानी नपाएको गुनासो बारम्बार दोहोरिएको छ । निर्माण कार्यको भुक्तानी र कम बाँकी रहेकोले ती परियोजनाहरु सम्पन्न नहुन्जेल र भुक्तानी नभएसम्म सम्झौता भएको निकायबाट नै व्यवस्थापनका लागि व्यवसायीले माग गरेको छ । निर्माणका काम सुरु हुन अघि नै सरकारले प्रोटोकल बनाउनुपर्ने व्यवसायीको माग छ । निर्माण क्षेत्रमा कसरी काम गर्ने भनेर स्पष्टरुपमा प्रोटोकलमा उल्लेख गर्नुपर्ने, प्रोटोकल पालना गरेर काम गर्दा लाग्ने अतिरिक्त शुल्क समेत ठेक्का निकाल्दा त्यसैमा समावेश हुनुपर्ने, प्रोटोकल भए मात्र काम गर्न सहज हुने उनीहरुको भनाइ छ ।

यो देशभरिकै समस्या हो तर, मकवानपुर जिल्ला अदालतको नयाँ भवन निर्माण सम्पन्न भएको ५ महिना हुनै लाग्दा जिल्ला अदालत भने उच्चअदालत पाटन हेटौंडा इजलाश परिसर भित्र रहेको पुरानै साँघुरो भवनबाट सञ्चालन भइरहेको छ । निर्माण व्यवसायीले काम गरेको रकम सरकारबाट भुक्तानी नभएका कारण नवनिर्मित भवन अदालतलाई हस्तान्तरण हुन पनि सकेको छैन । भवन अदालतलाई हस्तान्तरण नहुँदा साँघुरै भवनबाट कार्यालय सञ्चालन भइरहेको छ । गत साउन १९ गते नयाँ भवनको निर्माण सम्पन्न भएको निर्माण कम्पनीले जनाएको छ । निर्माण ब्यवसायीले भुक्तानी नपाउँदा अदालतको कार्यसम्पादनमा समेत असर परेको देखिन्छ । सुबिधासम्पन्न भवनबाट सेवाप्रवाह गर्ने कार्यमा अबरोध हुँदा यसको असर सेवाग्राहीसम्म परेको छ । निर्माण ब्यवसायीले समयमै रकम भुक्तानी नपाउँदा ब्यवसायी मात्र समस्यामा परेको छैन । स्वयम् सरकारी निकाय पनि समस्यामा परेको देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर २७ गते बुधबार, १३ डिसेम्बर २०२३ । प्रतिपदा, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:४७, सूर्यास्त ५:०८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अधुरा काम सम्पन्न हुनेछ | तुला | : सहयोग गर्ने भावना आउनेछ |
| वृष | : सवारी साधनबाट क्षति हुन सक्नेछ | वृश्चिक | : यात्राको लागि सुखद देखिन्छ |
| मिथुन | : रिसाउने बानीले काम बिग्रनेछ | धनु | : रमाइलोको समय रहेको छ |
| कर्कट | : नोकरीबाट असन्तोष बढ्नेछ | मकर | : शरीरमा समस्या देखिन सक्नेछ |
| सिंह | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ | कुम्भ | : सामाजिक प्रतिष्ठा बढ्नेछ |
| कन्या | : धार्मिक कार्यबाट प्रगति हुनेछ | मीन | : सानातिना अवरोध आइरहनेछ |

# राष्ट्र निर्माणमा देश बाहिरको राष्ट्र नछुटोस्



✍ सन्तोष गौतम

हामी बाँचिरहेको युग गतिशील छ । सम्भावना नै सम्भावनाहरूको वर्तमान समयमा हरेक देशका नागरिक आफ्नो बहुआयामिक रूपान्तरणको प्रयासमा विश्वका कुनाकाप्चामा पुगेको अवस्था छ । हेजल मार्कस् र पाउला न्युरियसको अनुसन्धानमूलक पुस्तक 'पोसिबल सेल्भ्स' को अवधारणामा व्यक्त भए जस्तै व्यक्तिमा के बन्ने सम्भावना छ, के बन्न चाहन्छ र के बन्ने भय छ लगायत कुराहरूले उसलाई डोऱ्याउने गर्दछ । मान्छे सम्भावनाको गगनमा विचरण गर्ने र उपलब्धिका नयाँ उचाइहरू प्राप्त गर्ने दिशामा सधैं अग्रसर रहन्छ ।

त्यसैले मान्छे तिनै 'पोसिबल सेल्भ्स्'का सम्भावनाहरूलाई पछ्याउँदै वृद्धिका धेरैभन्दा धेरै अवसरहरूको खोजीमा विश्वका विभिन्न भूभागमा पुग्ने गर्दछ । भूमण्डलीकरणको वर्तमान युगमा यो एक युगीन वास्तविकता भइसकेको छ तर यसको बढी मारमा विकासशील राष्ट्रहरू परिरहेका छन् ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कले आर्थिक वर्ष २०६४/६५ मा २ लाख ४ हजार, २०७१/७२ मा ६ लाख ९३ हजार र २०७९/८० मा ७ लाख ७५ हजार ३२७ जनाले कामको लागि देश छोडेको कहालीलाग्दो यथार्थ देखाउँछ । प्रत्येक दिन वैदेशिक अध्ययनका लागि एनओसी लिनेको बढ्दो भीड, त्रिभुवन विमानस्थलबाट बाहिरिने युवाको हुल अनि कन्सल्टेन्सीहरूमा देखिने विद्यार्थीको चाप सबैले भौतिक रूपमा देश रित्तिँदै गएको विडम्बनापूर्ण चित्र प्रस्तुत गर्दछन् । ११/१२ कक्षामा पढ्ने विद्यार्थीमा अलिकति सर्वेक्षण गरौं त लगभग सबैको चाहना बाहिर जाने नै देखिन्छ । गहन रणनैतिक तथा सुझबुझपूर्ण प्रयास नगर्ने हो भने देश गम्भीर संकटको भुमरीमा फस्ने निश्चित छ ।

**ब्रेन ड्रेन होइन, ब्रेन सर्कुलेसन**

भूमण्डलीकरणको युग वास्तवमा रिसोर्स सर्कुलेसन (स्रोत सञ्चार) र ब्रेन सर्कुलेसन (प्रतिभा सञ्चार) को युग हो । यो युगमा कुनै पनि राष्ट्रका प्राकृतिक र मानवीय स्रोत साधनहरू केवल त्यसै राष्ट्रका सम्पदाको रूपमा मात्र सीमित रहने स्थिति छैन । कच्चा पदार्थको रूपमा निर्यात गरिएका प्राकृतिक स्रोत तथा साधनहरू प्रशोधित औद्योगिक उत्पादनको रूपमा आयात हुने गर्छन् । त्यसैगरी मानव स्रोतको पनि एक देशबाट अर्को देशमा आवतजावत र बसाइसराइ नियमित रूपमा हुने गर्दछ । यही नियमित अनि स्वतस्फूर्त रूपमा हुने मानवस्रोतको आवतजावत र बसाइसराइ नै ब्रेन सर्कुलेसन हो । अर्थात् कुनै राष्ट्रबाट बाहिरिएका अदक्ष, अर्धदक्ष वा दक्ष जनशक्ति थप ज्ञान, क्षमता, दक्षता र सुझबुझका साथ राष्ट्रिय स्वार्थसँग जोडिनु ब्रेन सर्कुलेसनको एक उदाहरण हो र यसका बहुआयामिक र बहुक्षेत्रीय फाइदा छन् । यो एउटा युगीन वास्तविकता पनि हो ।

त्यसैले अहिले सीमित भूगोलभित्र रहेको जनसंख्यालाई मात्र सम्बोधन गर्ने राज्यका नीति, योजना र कार्यक्रम पूर्ण हुनसक्दैन । सीमा बाहिरको राष्ट्रलाई नजरअन्दाज गर्ने भुल कुनै पनि सरकारले गर्न मिल्दैन । सम्भावना र समस्या दुवै सवालमा भूगोल बाहिरको राष्ट्रलाई भूगोलभित्रको राष्ट्रलाई जत्तिकै महत्व दिएर मात्र राष्ट्रनिर्माणको प्रक्रियालाई अझ प्रभावकारी बनाउन सकिन्छ ।

अहिले कुनै राष्ट्रले चाहेर पनि आफ्ना नागरिकहरूलाई आफ्नै भूगोलभित्र मात्र सीमित गरेर राख्न सक्ने स्थिति छैन । अन्तरदेशीय आवागमन र बसाइसराइ नियमित प्रक्रिया भइसकेका छन् । सूचना र सञ्चारको चरम विकासले गर्दा विश्व परिवेशमा आफ्नो अस्तित्व र सम्भाव्यताको राम्रो आकलन गर्न सक्ने अवस्थामा मानिस पुगेका छन् । सम्भावनाका द्वारहरू अनेक दिशाबाट खुल्न सक्ने वर्तमान युगमा आफ्ना आकांक्षालाई निमोठेर सपनाको बलि चढाउन र आफूलाई कुनै सीमित भूगोलको बन्धक बनाउन मान्छे चाहँदैन ।

राज्यका सीमाभित्र वा बाहिर रहेर हरेक सचेत व्यक्ति विश्वव्यापी सम्भावनाहरूको खोजीमा निरन्तर तल्लीन रहन्छ । अनि कुनै पनि देशका नागरिकको पहिचानसँग त्यो देशको राष्ट्रिय पहिचान पनि गाँसिएको हुनाले देशका नागरिकहरू सम्भावनाको गगनमा विचरण गर्ने कुरा त्यो देशको राष्ट्रिय स्वार्थको दृष्टिले पनि स्वागतयोग्य हो ।

**विभिन्न देशका दृष्टान्त**

विश्वका ब्रेन गेनका उल्लेखनीय उदाहरणहरू हेर्दा चीनमा केन्द्रीय सरकारका नीतिहरूले ब्रेन गेनमा महत्वपूर्ण भूमिका निभाएको देखिन्छ । घरेलु वातावरणमा परिवर्तन, अरु देशमा जान आउनमा स्वतन्त्रता, राजनैतिक स्थिरता, सरकारको मानव स्रोत उपयोग नीति, देश फर्केपछिको उच्च सामाजिक हैसियत, पेशागत अवसरहरू र राष्ट्रियताको भावनाले प्रवासी चिनियाँहरूलाई स्वदेश फर्काउनमा योगदान दिएको पाइन्छ भने दक्षिण कोरियामा सरकारले संगठित प्रयास गरी उपयुक्त र सहज वातावरण निर्माण गर्ने अनि फिर्ता भएकाहरूको सम्मान र सशक्तीकरण गर्ने कार्यहरू अगाडि बढाएको पाइन्छ ।

त्यस्तै ताइवानले शक्ति सम्पन्न राष्ट्रिय युवा आयोग जस्ता निकायहरू गठन गरी यो कार्यलाई तीव्रता दिएको देखिन्छ । साथै स्वदेशमा रहेका उच्च शिक्षासँग सम्बन्धित संस्थाहरूको सशक्तीकरण गर्ने र बाहिर रहेका विज्ञहरूलाई स्वदेश फर्कन वा स्वदेशको विकासमा योगदान दिन प्रेरित गर्ने नीति लिएको थियो । त्यस्तै मेक्सिकोले विज्ञान र अनुसन्धानको सहयोगको लागि राष्ट्रिय कार्यक्रमद्वारा घरेलु शैक्षिक बजारको अन्तर्राष्ट्रियकरण गर्ने नीति लियो ।

यसको उद्देश्य विदेशमा पढेका मेक्सिकन वैज्ञानिकहरूलाई फिर्ता ल्याउने थियो । यसमा उनीहरू सफल पनि भए । अफ्रिकाले विदेशमा पढेका विद्यार्थीलाई फिर्ता ल्याउन ती देशहरूसँग विद्यार्थीले अध्ययन पूरा गरेपछि अनिवार्य रूपमा स्वदेश फिर्ता हुनुपर्ने सम्झौता गरेको थियो ।

तसर्थ आफ्ना नागरिकहरूलाई देशभित्रै सम्भव भएसम्म अवसरहरू उपलब्ध गराउनुका अलावा भूगोलका विभिन्न भागमा रहेका आफ्ना नागरिकहरूलाई सरकारका विभिन्न नीति र कार्यक्रमद्वारा समेटेर उनीहरूका सवालहरूको सम्बोधन गर्ने र ज्ञान, सीप र पूँजीलाई राष्ट्रहितमा उपयोग गर्ने नीति विश्वका धेरै देशले लिएको देखिन्छ ।

चीन, भारत, ताइवान, मेक्सिको, दक्षिणकोरिया, दक्षिण अफ्रिका लगायत देशहरूले विगतदेखि प्रतिभा प्राप्ति र सदुपयोगका लागि अवलम्बन गरेका नीति र कार्यक्रमहरू धेरै हदसम्म सफल प्रमाणित भए । यी देशहरूले व्यवसायमैत्री नीतिहरूको प्रवर्धनद्वारा उद्यमीहरूलाई देशमै रहन र प्रवासमा रहेकालाई स्वदेश फर्कन प्रेरित गर्ने प्रयास गरे र ती प्रयासहरू परिणाममुखी समेत रहे ।

समग्रमा प्रवासी विज्ञहरूसँग नेटवर्किङ गर्ने, आकर्षक सुविधाहरू प्रस्ताव गरी स्वदेश फर्किन आह्वान गर्ने, प्रवासी विज्ञहरूको डेटाबेस तयार र व्यवस्थापन गर्ने र देशमा रहेका आकर्षक अवसरहरूबारे जानकारी विश्वका कुनाकाप्चामा रहेका विज्ञहरू समक्ष पुऱ्याउने अनि स्वदेश आगमनमा विविध छुटहरू उपलब्ध गराउने लगायत कदमहरू यी देशहरूले चालेको देखिन्छ ।

त्यसैगरी आफ्नो उच्च शिक्षाको सबलीकरण गर्ने तथा बाहिर रहेका प्रतिभाहरूलाई या त फर्काउने या कुनै न कुनै हिसाबले राष्ट्रहितसँग जोड्ने नीति यी देशहरूले लिएको देखिन्छ । यी राष्ट्रहरूको अध्ययन गर्दा फर्कन चाहनेहरूले प्राप्त गर्ने अवसर र सुविधाहरूका अलावा ती प्रतिभाहरू बारेको नकारात्मक प्रतिक्रिया, उनीहरूले भोग्ने विपरीत सांस्कृतिक आघात (रिभर्स कल्चरल शक), अन्तर-सांस्कृतिक समायोजन (क्रस कल्चरल रि-एडजस्टमेन्ट) मा समस्या, अपूर्ण आकांक्षाहरू लगायत सवालहरूले पनि उनीहरूको स्वदेश फिर्तीमा प्रभाव पारेको देखिन्छ ।

**हाम्रो आगामी बाटो**

शिक्षाको सान्दर्भिकता र प्रभावकारिताको प्रश्न र शिक्षापछिको अवसरको पहुँचमा जटिलताले हाम्रो स्थानीय तहबाट केन्द्रतर्फ तथा देशबाट अन्य देशतर्फ युवा अनि युवाका साथमा सम्पूर्ण परिवारकै पलायन भएको अवस्था यथार्थमै सोचनीय छ । आज भौतिक पूर्वाधारको यथेष्ट प्रबन्ध हुँदा समेत हाम्रा गाउँठाउँले किन स्थानीय बासिन्दालाई त्यहाँ अडाउन सकेनन् ? विगतका हराभरा गाउँहरू आज सीमित नै भए पनि भौतिक विकासका बावजुद किन उजाड र मानवविहीन बन्दैछन् ? सरोकारवाला सबैले आ-आफ्नो जिम्मेवारी र भूमिकाको निर्मम मूल्यांकन गर्नुपर्छ कि पर्दैन ?

स्थानीय तहदेखि समग्र राज्य अब यही प्रतिभा पलायन भनिएको चुनौतीलाई प्रतिभा सञ्चार वा ब्रेन सर्कुलेसनको रूपमा सदुपयोग गर्ने नीति लिनुपर्छ कि पर्दैन ? रित्तिँदै गरेका गाउँबस्तीलाई थप उजाडिन दिने कि ब्रेन सर्कुलेसनको नीति प्रभावकारी रूपमा लागू गरेर बाहिरिएका नागरिकहरूलाई योजनाबद्ध रूपमा देश र गाउँबस्तीसँग जोड्ने ?

स्थिर राजनैतिक प्रणाली व्यवस्थित गरी युवाहरूका आकांक्षाको अध्ययन गर्न र त्यसको सम्बोधन गर्न दिगो र योजनाबद्ध प्रयास गर्नु आवश्यक छ । राज्यको विश्वसनीयता बढाउने नीति तथा योजनाहरू निर्माण गरी लागू गर्नेतर्फ विलम्ब नगरी लाग्नु आजको आवश्यकता हो ।

प्रवासी नेपालीलाई भौतिक रूपमा टाढा रहे पनि आत्मीय रूपमा देशसँग जोडिने वातावरण बनाउनु आवश्यक छ । प्रवासी नेपालीको तथ्यांक संकलन गरी उनीहरूसँग रहेको ज्ञान, सीप, पूँजी, प्रतिभा र सञ्जाललाई राज्यसँग जोड्ने दिगो र प्रभावकारी नीति बनाई कार्यान्वयन गर्न विलम्ब गर्नुहुँदैन ।

आजको दिनमा प्रवासी र स्वदेशी नागरिकका बीचमा सहकार्य र समन्वयले मात्र देश बन्न सक्छ र राज्यका नीति बनाउँदा यो कुरालाई नजरअन्दाज गरेमा हाम्रा प्रयासहरू पूर्ण र परिणाममुखी हुन सक्दैनन् ।


यसर्थ राज्यको भौगोलिक सीमा बाहिरको राष्ट्रमा पनि सरकारको उपस्थिति सशक्त हुनु आवश्यक छ । राज्यका नीति, योजना र कार्यक्रमहरूमा गैरआवासीय नागरिकहरूका सरोकारका विषय सम्बोधन गर्न सरकारले तत्परता देखाउनुपर्दछ । तब मात्र ब्रेन सर्कुलेसन प्रभावकारी भई त्यसबाट देशले लाभ लिन सक्छ । होइन भने भौगोलिक रूपमा टाढा रहेका प्रतिभाहरू भावनात्मक रूपमा पनि टाढा हुन पुग्दछन् ।

फदयमा रहेको राष्ट्रप्रेमको बीउ अंकुराउने, हुर्कने र फल दिने काम तब मात्र सम्भव छ जब सरकारले उनीहरूलाई उपयुक्त मलजल र संरक्षण प्रदान गर्दछ । अन्यथा फदय र नसा-नसामा रहेको राष्ट्रियता निमिट्यान्न नभए पनि सुषुप्त भने हुन पुग्छ ।

अर्कोतर्फ मान्छेमा स्वाभाविक रूपमै विभिन्न हिसाबले टाढा रहेका आत्मीयजन, भूगोल र परिवेशसँग जोडिने आकांक्षा हुने गर्दछ । त्यो भावनाको उचित कदर गर्ने कुरामा राज्यले कुनै कसर बाँकी राख्नुहुँदैन । केही सवालहरू हाम्रो देशले पनि सम्बोधन गरेको छ । अब योजनाबद्ध रूपमा उनीहरूलाई राष्ट्रहितसँग जोड्नु आवश्यक छ । हरेक प्रवासी नागरिक देशका अनौपचारिक राजदूतहरू बन्न सकून् ।

*(साभार: अनलाइनखबर)*

# फणा उठाएर एउटा गोमन सर्प
# प्रत्येक साँझ ओशोको प्रतीक्षामा हुन्थ्यो



✍ स्वामी आनन्द अरुण

सम्बुद्ध व्यक्तिको उपस्थिति वसन्त ऋतुमा फुल्ने गुलाबको फूलजस्तै हो । त्यसको सुन्दरता र सुगन्ध धेरै टाढासम्म फैलन्छ र त्यसलाई पहिचान गर्ने ग्रहणशीलता र संवेदनशीलता भएका सबैलाई आकर्षित गर्दछ । सम्बुद्ध व्यक्तिको उपस्थितिले मानिसलाई मात्रै होइन रुख, बोट-बिरुवा, जनावर, चराचुरुङ्गी र अन्य जीवलाई पनि प्रभावित गर्दछ, उनीहरूले त्यसको प्रत्युत्तर दिन्छन् ।

बुद्धको जीवनमा यस्ता धेरै घटनाको उल्लेख पाइन्छ, जब जनावरले उनको बुद्धत्वप्रति असाधारण संवेदनशीलता देखाएका छन् । एकपटक बुद्ध भिक्षुहरूको साथमा हिँडिरहेका थिए । उनलाई हानि पुऱ्याउने उद्देश्यले उनका इर्ष्यालु भाइ देवदत्तले नालगिरी नामको पागल हात्ती छाडिदिए । अनेक वितण्डा मच्चाउँदै नालगिरी जब बुद्धको नजिक आइपुग्यो, बुद्धलाई आक्रमण गर्नुको साटो बिस्तारै शान्त भयो, झुकेर बस्यो अनि बुद्धको सामु नतमस्तक भई लमतन्न परी दण्डवत गऱ्यो - एक सम्बुद्ध व्यक्तिलाई आफ्नो सम्मान देखाउँदै । शिवपुरी बाबाले पनि धेरैपटक यस्ता घटना उल्लेख गरेका छन् । उनी अमरकण्टक र नेपालका जंगलमा बस्दा जनावरहरू उनलाई भेट्न आइपुग्थे, आफूहरूका समस्या र झगडाहरु लिएर ।

शिवपुरी बाबाका निकटतम सहयोगी माधवबाजे, जसले पछि बुद्धत्व प्राप्त गरे, उनले शिवपुरी बाबाका धेरै कथा बताउँथे, जो उनले बाबासँग बस्दा आफैं देखेका थिए । उनले मलाई सुनाएका थिए कि जब बाबा शिवपुरी डाँडामा बस्थे, चितुवा, बाघ र अन्य जनावर बाबाको छेउमा शान्तिपूर्वक आएर बस्दथे, बाबाले तिनीहरूलाई मिश्रीका डल्ला फ्याँकी दिन्थे प्रसादको रूपमा, उनीहरू त्यो खान्थे अनि चुपचाप जान्थे ।

यस सन्दर्भमा सबैभन्दा असाधारण घटना रमण महर्षिको जीवनमा घटेका छन् । पाँच जनावर (गाई, स्याल, काग, कुकुर र बाँदर)ले महर्षिको कृपा र करुणाका कारण समाधि प्राप्त गरे । त्यो गाई, जसको नाम लक्ष्मी थियो, ऊ र मणको ऊर्जासँग यति एकाकार थिई कि प्रत्येक बिहान उसले रमणको खुट्टा नढोगुञ्जेल केही पनि खान्नथी । एकपटक ऊ अत्यन्तै बिरामी परी । महर्षि आएर उसको टाउको आफ्नो काखमा राखी प्रेम र करुणाले छुँदै आशीर्वाद दिए । त्यो कृपा पाएपछि उसले शान्तिपूर्वक आफ्नो शरीर छाडी । त्यस्तै, अन्य चार जनावरले पनि र मणको ऊर्जाप्रति अनौठो रूपमा प्रतिक्रिया गर्दथे र उनको ऊर्जाबाट लाभान्वित बने । यी जनावरले शरीर छाडेपछि रमणले तिनको समाधि बनाउन लगाए र आज पनि रमण आश्रममा यी बुद्धत्व प्राप्त गरेका पाँच जनावरको समाधि रहेका छन् ।

भगवान्को जीवनमा पनि यस्ता धेरै घटना छन्, जहाँ जनावर, चराचुरुङ्गी र रुखहरूले उनको उपस्थितिप्रति विशेष व्यवहार गरेका छन् ।

**एउटा सर्प शिष्य**

ओशो जबलपुर विश्वविद्यालयमा अध्यापक थिए, उनी नेपियर टाउनको एउटा सानो बङ्गलोमा बस्थे । उनले चढ्ने साइकल त्यो सहरमा सबैभन्दा सफा साइकलको रूपमा प्रसिद्ध थियो । सधैं टिलिक्क देखिने त्यो साइकललाई ओशो स्वयंले मर्मत र सरसफाइ गर्थे । चाहे साइकल चलाउँदा होस्, चाहे रोल्स रोयस चढ्दा, सरसफाइ र सौन्दर्यताका लागि उनको दृष्टि एकदमै उच्च थियो । नेपियर टाउनको उक्त बङ्गलोको अगाडि एउटा सानो बगैंचा थियो । ओशो आफैं त्यसको हेरचाह गर्थे, फूलहरू रोप्थे । त्यहाँ प्रशस्तै गुलाब, शाही चमेली र र ातको चमेलीका बोटहरू थिए । त्यो बगैंचा तिनीहरूको सुवासले सुगन्धित रहन्थ्यो । उनको बगैंचा जंगलजस्तो हुन्थ्यो, किनकि उनी बोट-बिरुवा काँटछाँट गर्न मन पराउँदैनथे ।

प्रत्येक दिन, विश्वविद्यालयबाट फर्किएपछि उनी बगैंचामा हिँड्थे । फूलका पंक्तिबद्ध बोटहरूको छेउमा एउटा सानो पथ थियो र त्यहाँ बिस्तारै हिँडेर उनी आनन्द लिन्थे । त्यो बगैंचामा एउटा अनौठो कुरा हुन्थ्यो । आफ्नो फणा उठाएर एउटा गोमन सर्प प्रत्येक साँझ ओशोलाई विश्वविद्यालयबाट फर्कने समयमा पर्खिएर बस्थ्यो । फर्किएपछि ओशो उसलाई एकपटक प्रेमपूर्ण नजरले हेर्थे । त्यसपछि ऊ पनि ओशोसँगै बगैंचामा डुल्थ्यो । ओशो बगैंचाको एक छेउबाट अर्को छेउसम्म हिँड्थे । त्यो सर्प पनि फूलहरू भएतिरको झारहरूमा ओशोसँगै हिँड्थ्यो । जब ओशो फर्कन्थे, ऊ पनि फर्कन्थ्यो र ओशो त्यहाँ हिँडुन्जेल ऊ पनि सँगसँगै हिँड्थ्यो ।

अरुका लागि यो अनौठो कुरा थियो, तर ओशोका लागि यो अत्यन्तै सामान्य कुरा थियो । त्यो सर्पलाई कुनै प्रकारको हानि नगर्नु भनेर उनले सबैलाई निर्देशन दिएका थिए । प्रवचन र कार्यक्रममा सहभागी हुन ओशो विभिन्न सहर जानुपर्थ्यो, त्यस समयमा पनि त्यो सर्प ओशोलाई त्यहीँ आएर पर्खन्थ्यो र घाम अस्ताएपछि मात्र ऊ झाडीतिर फर्कन्थ्यो । ओशो त्यो घरमा बसुन्जेल यो घटना भइरह्यो ।

मैले आफ्नो जीवनभर महसुस गरेको छु कि सर्पहरू ऊर्जाप्रति संवेदनशील हुन्छन् र सम्बुद्ध व्यक्ति र आध्यात्मिक ऊर्जातर्फ आकर्षित रहन्छन् । जहाँ ध्यान हुन्छ, त्यहाँ वरपर मैले सर्पहरू आउने गरेको पाएको छु । तपोवनको मौसम सधैं चिसो भए पनि, यो पहाडमा अवस्थित भए पनि यहाँ विभिन्न प्रकारका सर्प छन् र कहिलेकाहीं म बस्ने घर वरपर, कहिले ध्यान हल त कहिले समाधिको क्षेत्रमा सर्प हिँडिरहेका देखिन्छन् । तीस वर्षदेखि हामी यहाँ बसिरहेका छौं तर तिनीहरूले आजसम्म हामीलाई दु:ख दिएका छैनन् र हामीले पनि उनीहरूलाई हानि पुऱ्याएका छैनौं ।

१४ वर्षको उमेरमा ओशोले मृत्युको प्रयोग गरिरहेका थिए, किनकि एक प्रसिद्ध ज्योतिषीले उनको मृत्यु १४ वर्षमा हुने भविष्यवाणी गरेका थिए । प्रत्येक दिन उनी एउटा पुरानो शिव मन्दिरमा जान्थे र त्यहीँ मृत्यु कुरेर पल्टिरहन्थे । त्यहाँ पनि एउटा सर्प आउँथ्यो र मन्दिरको भुइँमा सुतेका बेला ओशोको शरीर माथि चढेर घस्रिँदै अगाडि जान्थ्यो ।

जब ओशो आफ्नो तमसको निष्क्रिय कालमा थिए, सागर विश्वविद्यालयमा विद्यार्थी थिए, उनको होस्टेल एउटा पुरानो आर्मी ब्यारेकको भवनमा थियो । झाडी र रुखहरूले घेरिएको त्यो स्थानमा छ्यापछ्याप्ती सर्प थिए । ओशोले भनेका छन् कि त्यहाँ पनि एउटा सर्प आउँथ्यो र उनको खाटमुनि बस्दथ्यो । ती सर्पबारे ओशोले भन्थे, 'मैले उनीहरूलाई बाधा पुऱ्याइनँ र उनीहरूले पनि मलाई बाधा पुऱ्याएनन् ।'

**ओशो र उनको प्रिय रुख**

ओशो र मदन कुँवर पारेखको पहिलो भेट सन् १९६० मा भेट भयो, महाराष्ट्रको उत्तर पूर्वी सहर वर्धामा भएको एक जैन महोत्सवमा । ओशोलाई त्यहाँ वक्ताका रूपमा बोलाइएको थियो । मदनले त्यहाँ आफ्ना केही कविता सुनाएकी थिइन् । अरु केही स्थानीय कविहरू पनि आएका थिए । ओशोले तुरुन्तै उनलाई आफ्नो पूर्वजन्म कि आमा भएको पहिचान गरे । मदनलाई पनि ओशोप्रति गहिरो प्रेम र आकर्षण महसुस भयो । आफ्नो पूर्वजन्ममा बिछोडिएको प्रिय पुत्रसँग पुन: मिलन गर्ने ठूलो अभिलाषा पूर्ण भएको अनुभूति भयो । उनीहरू एक-अर्कालाई आमा-छोराको रूपमै व्यवहार गर्थे । उनीहरूबिच धेरै प्रेमपूर्ण सम्बन्ध थियो ।

क्रमश: पृष्ठ-३...

# फणा उठाएर एउटा गोमन सर्प....

पछि मदनले संन्यास लिएर माँ आनन्दमयी बनिन् । ओशोले उनीसँग सयौँ पत्राचार गरेका छन् । जुन पछि दुईवटा पुस्तक 'क्रान्ति बीज' र 'भावना के भोजपत्रो पर ओशो'मा समाविष्ट छन् ।

मदनलाई ओशोप्रति गहिरो प्रेम थियो र ओशोको कार्यवृद्धि गर्न उनलाई विभिन्न प्रकारका उपहार प्रदान गर्थे । जब पतिले मदनलाई कार किनेर दिए, त्यति बेला ओशो जागिरका लागि विश्वविद्यालय जान साइकलमा जान्थे, मदनले आफ्ना पतिसँग भनिन् कि ओशोले साइकल चढिरहँदा आफू भने कसरी कार चढ्नु ? त्यसैले उनले आग्रह गरिन् कि पहिले ओशोका लागि एउटा कार किनिदिनु र त्यसपछि मात्रै आफ्ना लागि । त्यस समय ओशोको तलब केवल ६ सय रुपैयाँ थियो, जुन स्कुटरका लागि पनि पर्याप्त थिएन । जब ओशो कार चढेर विश्वविद्यालय जान थाले, त्यसले उनीप्रति सबैको ध्यान आकृष्ट भयो र विशेष गरेर उनका वरिष्ठहरूमा ईर्ष्या पनि पैदा गऱ्यो, जो साइकल या स्कुटरमा विश्वविद्यालय आउँथे । ओशो विद्यार्थीमाझ चर्चित भएकाले उनीहरूले पहिलेदेखि नै ईर्ष्या गरि रहेकै थिए । ओशोले नयाँ कार चढेर आउनु उनीहरूका लागि झनै असहनीय भयो ।

विश्वविद्यालयमा ओशोको एउटा प्रिय रुख थियो । त्यो अग्लो र फैलिएको शिरीषको रुखमुनि उनले आफ्नो साइकल पार्क गर्थे । विशाल छहारी प्रदान गर्ने त्यस रुखमा मौसममा सयौँ सुन्तले रङका फूल फुल्ने गर्थे ।

त्यस रुखसँग ओशोको विशेष सम्बन्ध थियो । प्रत्येक दिन विश्वविद्यालय आएपछि र फर्कने बेला उनी त्यसलाई अँगालो हालेर अभिवादन गर्थे । कार पनि उनले त्यही रुखमुनि पार्क गर्न थाले, जब कि क्याम्पसका अरु सबैले निश्चित पार्किङ स्थलमा पार्क गर्दथे । साइकल सानो हुने भएकाले त्यसलाई कसैले वास्ता गरेन, तर जब उनले त्यहाँ कार पार्किङ गर्न थाले, सबैलाई आफ्नो ईर्ष्या अभिव्यक्त गर्न उपयुक्त बहाना मिल्यो । उनीहरूले उपकुलपति समक्ष गुनासो गरे । उपकुलपतिले ओशोलाई बोलाएर बगैँचामा पार्किङ नगर्न आग्रह गरे । उपकुलपतिलाई ओशोले भने, 'वर्षौंदेखि त्यो रुखसँग मेरो आत्मीय सम्बन्ध छ र मलाई उसको मुनि पार्क गर्न खुसी लाग्छ । मैले त्यहाँ पार्क गरिनँ भने उसलाई पनि दुःख लाग्नेछ र म त्यो गर्न सक्दिनँ ।'

यस विषयले ठूलो विवाद सिर्जना गऱ्यो । मानिसहरुले भन्न थाले- नियम सबैलाई बराबर हुनुपर्छ । नत्र हामीले पनि आफूलाई मनपरेको जुनसुकै ठाउँमा पार्किङ गर्छौं ।

उपकुलपतिले फेरि ओशोलाई पार्किङ स्थलमै पार्क गर्न आग्रह गरे । ओशोले उपकुलपतिलाई भने, 'हेर्नुस् तपाईंले मेरो कुरा बुझिर हनुभएको छैन । मेरो त्यो रुखसँग आत्मीय सम्बन्ध छ । मैले त्यहाँ पार्किङ गरिनँ भने ऊ धेरै दुःखी हुनेछ र मलाई पनि नराम्रो लाग्नेछ ।'

संसार असंवेदनशील छ, यसले प्रेम र कोमलताको भाषा बुझ्छ भनेर अपेक्षा गर्नु हाम्रै भुल हो । आज यो कथा लेख्दै गर्दा कति पाठकले यी भावनाको गम्भीरता बुझ्नुहोला भन्ने प्रश्न मभित्र पनि उठेको छ ।

त्यहाँका मानिसले उपकुलपतिलाई दबाब दिइरहे । उपकुलपतिले पनि पार्किङस्थलमै पार्क गर्न ओशोलाई कडा निर्देशन दिए । ओशोले आफ्नो जीवनमा कहिल्यै सम्झौता गरेनन्, साहसिक निर्णय लिन पछि पनि हटेनन् । उनले उपकुलपतिलाई भने, 'मलाई प्रेम अभिव्यक्त गर्न यति पनि स्वतन्त्रता मिल्दैन भने यस्ता मुढहरूले भरिएको ठाउँमा म काम गर्न सक्दिनँ ।'

अन्त्यमा उनले राजीनामा बुझाए । यो थाहा पाएर विद्यार्थीले आन्दोलन सुरु गरे, उनलाई फिर्ता नल्याइए विश्वविद्यालय चल्न नदिने घोषणा समेत गरे । ती दिनमा विभिन्न पत्रपत्रिकामा ओशोका लेख प्रकाशित हुन्थे । नवीन विचार र दृष्टिकोणका कारण उनी हिन्दी भाषीमाझ परिचित थिए, विद्यार्थी वर्गले पनि उनलाई धेरै रुचाएका थिए ।

यसरी विश्वविद्यालय भित्र हंगामा भयो र अन्ततः विश्व विद्यालय प्रशासनले घुँडा टेक्न बाध्य भयो । रुखमुनि पार्क गर्न नपाउन्जेल ओशो फर्कन चाहन्नथे । यस कुरामा उपकुलपतिले सबै प्रोफेसर लाई बोलाएर राजी गराए । उनले ओशोलाई पनि बोलाएर क्षमायाचना गरे । शिरीषको बोटमुनि कार पार्क गर्न दिने सर्तसहित ओशोलाई फर्काइयो ।

सन् १९६६ सम्म ओशो सम्पूर्ण भारतभरि प्रख्यात भइसकेका थिए । विश्वविद्यालयबाट राजीनामा दिएर सम्पूर्ण समय भाषण गर्न भनी मानिसहरूले ओशोले आग्रह गर्न थाले । मानिसहरुले यो पनि भने- विश्वविद्यालयको जागिरले तपाईंको अमूल्य समय नष्ट गरिरहेको छ । त्यति पैसा त हामी नै जुटाइदिन्छौँ ।

आर्थिक रूपमा आत्मनिर्भर रहन चाहेकाले विश्वविद्यालयको जागिर छाड्न सुरुमा ओशोले मानेनन् । सन् १९६६ मा अन्ततः उनले आफ्नो सात वर्षे प्राध्यापन जीवनबाट राजीनामा दिए ।

जब ओशोले विश्व विद्यालय छाडे, उनको बिदाइ कार्यक्रम आयोजन गरियो । उपकुलपतिसँग बिदा मागेपछि उनी हतारिँदै आफ्नो आफ्नो प्रिय रुखतर्फ गए र त्यसलाई अंकमाल गरेर रोए । सामान्य दृष्टिमा यो पागलपन लाग्छ तर यो एक सम्बुद्ध पुरुष र रुखबिचको शुद्ध प्रेम थियो, जसले उनलाई बुझेको र ग्रहण गरेको थियो ।

ओशोले पछि यो क्षणबारे बोलेका छन्, 'मैले त्यस रुखलाई आलिङ्गन गरेँ र हामी केही क्षणसँगै बस्यौँ । उपकुलपति दौडँदै म भएको ठाउँमा आइपुगे र भने, 'कृपया मलाई क्षमा गरिदिनुहोस् । मैले आजसम्म कसैले यति स्नेहपूर्वक एउटा रुखलाई आलिङ्गन गरेको देखेको छैन तर अहिले म देखिरहेको छु, कसरी सबैले पछुतो गरिरहेका छन् । मैले आजसम्म कसैले रुखलाई शुभ प्रभात भनेको वा बिदा मागेको देखेको थिइनँ तर तपाईंबाट मैले यो पाठ मात्रै सिकिनँ, यो कुरा मेरो मनभित्रै छिरेको छ ।'

ओशो जबलपुरमा र हुन्जेल कहिलेकाहीँ उनी त्यो रुखलाई भेट्न गइरहन्थे, तर जब उनको यात्रा धेरै हुन थाल्यो, उनले त्यो रुखलाई भेट्न पाएनन् । उनी चाँडै बम्बई जाँदै थिए, सायद त्यो कुरा रुखले थाहा पाइसकेको थियो । जुन रुख अनगिन्ती फूलहरूसहित फुल्थ्यो, त्यो ओइलाउन थाल्यो र फुल्न छाड्यो ।

दुई महिनापछि उपकुलपतिले ओशोलाई जानकारी गराए कि कसरी उनी गएपछि त्यो रुख निर्जीव बन्दै गयो । दुई महिनापछि उपकुलपतिले ओशोलाई फोन गरे, 'यो दुःखको कुरा हो र आश्चर्यजनक पनि छ । जब तपाईंले छाडेर जानुभयो, त्यो तपाईंको रुखलाई केही भयो ।' ओशोले सोधे, 'के भयो र ?'

उनले भने, 'त्यो मर्न थाल्यो । अहिले तपाईं आउनुभयो भने मरेको रुख मात्रै देख्नुहुन्छ, न फूल छ न त पात । त्यसलाई के भयो ? त्यही भएर मैले फोन गरेको ।'

यस रुखबारे ओशोले भनेको छन्, 'अर्को दिन बिहानै, विश्वविद्यालयका कुनै पनि मूर्खहरू त्यहाँ पुग्नुअघि नै म त्यो रुखलाई हेर्न गएको थिएँ । साँच्चै नै फूल फुल्ने ऋतुको मध्यमा पनि त्यसका सबै फूल हराइसकेका थिए । फूलहरू मात्रै होइन, पातहरू पनि हराएका थिए । नाङ्गा हाँगाहरू मात्र बाँकी थिए, आकाशमुनि केवल उभिइरहेका । मैले फेरि त्यसलाई आलिङ्गन गरेँ र पाएँ कि त्यो मृत थियो । पहिले आलिङ्गनमा प्रत्युत्तर हुन्थ्यो भने अहिले कुनै प्रतिक्रिया गर्नलाई त्यहाँ कोही थिएन । रुख बिदा भइसकेको थियो, त्यहाँ उसको शरीर मात्रै उभिइरहेको थियो । सायद वर्षौं उभिइरहनेछ । सायद त्यो अझै उभिइरहेको छ, तर यो केवल मरेको काठ हो ।'

## ओशो र एउटा कुकुर

ओशो बम्बई नजिकै रहेको पहाडी शिखर स्थल माथेरनमा ध्यान शिविर सञ्चालन गरि रहेका थिए । त्यहाँ उनीसँग एउटा कुकुर प्रेममा पऱ्यो र ओशो त्यहाँ बसेको तीन दिनसम्म उनलाई जताततै पछ्याइरह्यो । ऊ ओशोको निकट पुगी चुपचाप उनको प्रवचन सुन्दै उनको ऊर्जामा डुबिरहन्थ्यो । ओशो आराम गरिरहँदा ऊ बाहिर बरन्डामा पर्खिरहन्थ्यो ।

त्यो कुकुरले ओशोको सान्निध्यमा बस्ने अनौठो चाहना देखायो र जब ओशो बम्बई फर्के, ऊ पनि ओशोलाई बिदा गर्न आँखाभरि आँसु पारेर आयो ।

आफ्नो पुस्तक 'अ बर्ड अन अ विङ'मा ओशोले यस घटनाको चर्चा गर्दै त्यो कुकुरको मुक्त हुने अभिलाषाको व्याख्या गरेका छन् ।

'जनावरहरू आफ्नो चोलाबाट मुक्त हुन क्रन्दन गरिरहेका हुन्छन् । माथेरनमा क्याम्प रहेको स्थानदेखि म धेरै टाढा बसेको थिएँ । पहिलो साँझ, जब म आफ्नो बङ्गलोतर्फ जाँदै थिएँ, एउटा कुकुरले मलाई पछ्यायो । वास्तवमै त्यो दुर्लभ कुकुर थियो । त्यसले मलाई पछ्याउन छाडेन । दिनमा तीनपटक म क्याम्प सञ्चालन गर्न जान्थेँ । आधा घन्टाको यात्रा हुन्थ्यो । तीनपटक म सुत्थेँ, ऊ बरन्डामा कुर्थ्यो । म कतै बाहिर खानलाई निस्कँदा पनि उसले मलाई छाडेन । शिविरभरि उसको यही दिनचर्या थियो । ऊ मलाई शिविरसम्म पछ्याउँथ्यो र अरुले ध्यान गरिरहँदा ऊ अरुभन्दा ज्यादा शान्त भएर बस्थ्यो, शिविरार्थी भन्दा पनि गहिरो ध्यानमा । अनि ऊ मसँगै फर्कन्थ्यो ।

अन्तिम दिन जब मैले माथेरनबाट फर्कनलाई रेल चढेँ, उसले रेललाई नै पछ्यायो । ऊ रेलको छेउपट्टि दौडिरहेको थियो, गार्डलाई दया लागेर उसलाई भित्र छिराए । नेरलसम्म ऊ आएको थियो । रेल अत्यन्तै मन्द गतिमा चलिरहको थियो, खेलौनाजस्तै । माथेरनबाट नेरल सात माइल आउन दुई घन्टा लाग्यो, त्यसैले कुकुर हाम्रापछि आउन सक्थ्यो । तर नेरलबाट एक्सप्रेस रेल थियो । जब म नेरलबाट बम्बईको रेल चढेँ, सबैजना प्लाटफर्ममा उभिएर रोइरहेका थिए र त्यो कुकुर पनि आँखाभरि आँसु लिएर उभिइरहेको थियो ।'

## "यी रुख मेरा शिष्य हुन्"

ओशो सधैँ आफ्नो वरपरका बोटबिरुवाप्रति संवेदनशील हुन्थे । आश्रम परिसरभित्रका रुखलाई आफ्ना शिष्य भन्थे । उनी भन्थे कि कोरेगाँव पार्कका सबै रुखले मौनमा उनको शक्ति पिएका छन् । माँ योग मुक्ता ग्रिसकी अभिजात्य परिवारकी उत्तराधिकारी थिइन्, जसले ओशोलाई लाओ त्जु हाउस उपहार दिएकी थिइन्, उनी पुनामा ओशोको बगैँचामा काम गर्थिन् । सन् १९७४ को सुरुमा जब ओशो पुना सरे, उनी आश्रमका बोट-बिरुवा, फूलहरू काँटछाँट गर्थिन् । विशेषतः ओशो हिँड्ने बाटोमा उम्रेका झार-जङ्गल काट्थिन् ताकि ओशोलाई हिँड्न सजिलो होस् ।

एकपटक उनले आश्रमका केही बोटबिरुवा काँटछाँट गरेकी थिइन् । अर्को दिन बिहान ओशोले लक्ष्मीलाई बोलाएर सोधेरे, 'के मुक्ताले बगैँचामा काँटछाँट गर्छिन् ?'

यही प्रश्न लक्ष्मीले मुक्तालाई बोलाएर सोधिन् । 'हो, कहिलेकाहीँ म काँटछाँट गर्छु,' मुक्ताले उत्तर दिइन् ।


'हिजो राति सबै बोट-बिरुवा तिम्रो गुनासो गर्दै थिए, ती सबैलाई घाउचोट लागेका थिए । कसैको कान थिएन, कसैको खुट्टा, कसैको हात थिएन । तिनीहरू पनि सबै मेरा शिष्य हुन् । जब तिमीहरू तिनलाई दुर्व्यवहार गर्छौ, उनीहरू मसँग आएर गुनासो गर्छन् । तिमी काँटछाँट गर्छौ अनि रातभर उनीहरू मसँग गुनासो गर्छन् । मलाई त्यसरी मिलाएको बगैँचामा बस्न जरुरी छैन, मलाई जंगल नै ठीक लाग्छ,' ओशोले भने, 'अबदेखि कसैले बोटबिरुवा काँटछाँट नगर्नू, ती जंगलमा जस्तै घना भएर पलाऊन् ।'

सबैलाई ओशोले आश्रमको बगैँचालाई घना र प्राकृतिक राख्नका लागि निर्देशन दिए । जति ओशोले बोट-बिरुवालाई प्रेम गर्थे, उनीहरूले पनि उनको प्रेममा प्रतिक्रिया जनाउँथे । साथै उनीबाट पोषण पाउँथे । पुना आश्रममा सुरुदेखि नै महाराष्ट्रका एक सोझा मानिस मालीका रूपमा काम गर्थे । उनले मलाई भन्थे, 'जब कुनै गमलाका कुनै बिरुवा राम्ररी हुर्किँदैनथे, वा तिनमा फूल फुल्दैनथे, मैले तिनलाई ओशोको बार्दली वा बरन्डामा लुकाएर राखिदिन्थेँ । जहाँ ओशो खाना खानुहुन्थ्यो, अथवा ओशोको कोठाको वरिपरि कतै राखिदिन्थेँ । त्यसो गर्दा केही दिनभित्रै ती फूल स्वस्थ हुँदै जान्थे र छिटै हुर्कन थाल्थे ।'

(साभार: रातोपाटी)

### 'एनिमल'को पाठ :

# नेपाली समाजलाई रोमान्टिकभन्दा तार्किक फिल्म जरुरी




संसारमा सम्बन्धमाथि बनेका फिल्म शक्तिशाली हुन्छन् । फिल्ममा हिंसाको चित्रण आधारभूत पक्ष हो तर, 'एनिमल'को केन्द्रिय कथावस्तु पारिवारिक द्वन्द्व हो । जहिल्यै पनि बुझ्नुपर्ने कुरा के हो भने- एकले अर्को मान्छेलाई किन मान्छ ? किनभने संसारमा कोही पनि मान्छेलाई स्वीकार्ने भनेको त्यसको उद्देश्यको कारणले हुन्छ ।

माध्यम र साधन फरक होला तर, उद्देश्य प्रमुख हुन्छ । सिनेमा भनेको हिंसा छ कि छैन भन्दा पनि पात्रको उद्देश्य के हो भन्ने कुरामा निर्भर हुन्छ । नेपाली फिल्मले पात्रको उद्देश्य नै पेश गर्न सक्दैनन् । यसकारण महत्वपूर्ण पक्ष भनेको पात्रको लक्ष्य हो । 'एनिमल' बक्स अफिसमा सफल हुनु भनेको पात्रले लक्ष्यका लागि गरेको संघर्ष सफल भएको हो । यो पात्रभन्दा उसको खोजीको बारे हो ।

माध्यमको प्रयोग गलत हुनसक्छ भन्ने बहस हुनसक्छ । संसारभर यस्तो भैरहेको पनि छ । मुख्य कुरा उद्देश्य के हो भन्ने कुरा पनि हो । यदि त्यो फिल्मको उद्देश्य शक्तिशाली नभएको भए त्यो फिल्म चल्ने थिएन ।

संसारमा सबैभन्दा बढी गलत सन्देश दिने राजनीतिले हो । 'एनिमल'ले गलत सन्देश दिने भन्दा पनि यसले भन्ने खोजेको कुरा स्पष्ट छ । मान्छे जब एनिमल बन्छन्, तब तिनीहरुले सबै आदर्श तोडेर आफ्नो मूल्य रक्षाका लागि भयंकर संघर्ष गर्छन् भन्ने प्रस्तुत यसले गर्छ । यसर्थ यो फिल्मले आफ्ना छोराछोरीलाई एनिमल बन्न नदेऊ भन्ने राम्रो सन्देश दिन्छ ।

भोलि कुनै बाउले छोराछोरीलाई समय दिन सकेन भनेर सन्तान एनिमलजस्तै बन्छन् भन्ने सन्देश सकारात्मक छ । यसको केन्द्रिय अवधारणा त्यो हो । यो फिलमले छोरीछोरीलाई होइन, बा-आमालाई सन्देश दिएको हो । यो फिल्मलाई हिंसाको कोणबाटै मात्र बुझ्नु अर्को समस्या हो । यस्तो भन्नेले किन मानवीय सम्बन्धको कोणबाट हेर्दैनन् ? बआले त्यसरी व्यवहार गर्दा बच्चा एनिमल जसरी हुर्कन्छन् भन्ने परिस्थितीलाई मजाले दर्शाइएको छ ।

मानसिकरुपमा विक्षिप्त पात्रले गर्ने प्रक्रिया सहज हुँदैन । के तिमीले यस्तै सन्तान उत्पादन गर्न खोजेको हो भनेर हिंसालाई चित्रण गर्नु जरुरी थियो । समकालिन समयमा निर्देशकले आजको समाज र आर्थिक पुँजीवादलाई प्रश्न गरेका छन् । हिंसा मात्र भयो भन्ने कुरा एउटा आदर्शवादी कोणबाट मात्र भनिएको कुरा हो । दृश्य हेरेर मात्र हुँदैन, दृश्य पछाडिको उद्देश्य हुनुपर्छ ।

नेपालमा मात्र होइन, पछिल्लो समय दर्शकको रुचि चरमतातर्फ झुकेको देखिन्छ । हामीले पछिल्लो समयमा 'मेडियोक्रिटी' (मामुली र औषत) फिल्म मात्र बनायौं जहाँ कुनै पात्रले हासिल गर्न खोजेको उपलब्धि र संघर्ष कुनैपनि चरम तहमा थिएन । 'एनिमल'को चरमताले मान्छेलाई इन्गोज गरेको हो । दर्शकले त्यसमा इन्जोय गरेका हुन् ।

यसकारण नेपाली फिल्म मेकरले के कुराले बुझ्नुपर्छ भने- नेपाली दर्शकले चरमतामा आनन्द लिन्छन् । संसारभर चरमता भनेको इन्जोय गर्छन् । यसकारण चरमतामाथि फिल्म बनाऊ । यसकारण कुनै पनि सन्दर्भमा फिल्म बनाउछौं भने त्यसको चरमतामा जाऊ भनेर भन्न खोजेको हो । नेपाली फिल्मलाई यसको राम्रो सन्देश के हो भने- 'गो टु एक्स्ट्रिम' अर्थात चरमतातर्फ अघि बढ ।' यो विशेषता भनेको मनोरञ्जनका लागि महत्वपूर्ण कुरा हो ।

जसरी बन्जी-जम्प गर्नु भनेको चरम जोखिम काम हो । नेपाली सिनेमाले अब कामचलाउ र मध्यमता भन्ने प्रवृत्तिलाई तोड्नुपर्छ भन्ने सन्देश यसले दिन्छ । भारतमा बलिउडमा साउथले चरमता ल्याइदियो । चरम एक्सन ल्यायो । पात्रको आयामलाई चरम तुल्याइदियो । उसले जेमा पनि त्यो ल्याएको छ । यसकारण 'चरमता सिक' भन्ने कुरा यो फिल्मले सिकायो ।

समाजले मान्छेलाई कसरी हिंसात्मक बनाइरहेको छ भन्ने कुरा देखाउन पनि हिंसात्मक चित्रण फिल्म चाहिन्छ । एनिमल चल्नु त्यो कुराको 'भ्वायलेन्स' होइन कि, मान्छे यो किसिमको हिंस्रक बन्ने कुराको विकास चाहिँ समाजले गर्दैछ भन्ने कुरा बताएको छ । यसकारण यो सामाजिक चेतावनी हो कि समाजले हिंसात्मक मानिस बनाउन उद्दत छ । समाजले हेरेक व्यक्तिलाई हिंसात्मक बनाएको छ ।

आदर्शको कुराले सिनेमामा हिंसा हुनुहुँदैन भन्ने हो तर, आदर्शको कुरा त समाजले व्यक्तिलाई हिंसात्मक बनाउनु हुँदैन भन्ने पनि त हो नि । यसकारण यस्ता फिल्मले आदर्शको जिम्मेवारी पुरा गरेका छन् । तिमीले हिंसात्मक मानिस उत्पादन गरिराख्या छौ भनेर फिल्मले समाजलाई भनेको छ । यसकारण सिनेमाले आफ्नो जिम्मेवारी पुरा गरेको छ । कतिपय फिल्मलाई समाजले विशेष कारणले स्वीकार्छ । तर, अधिकांश फिल्मलाई धेरैले आदर्शको आँखाबाट महसुष गर्छन् ।

अहिलेको नेपाली समाजलाई एकदमै आदर्श वा रोमान्टिक फिल्म होइनन्, तार्किक सिनेमाको आवश्यकता छ जसले मानिसलाई समाजले कसरी हिंसात्मक बनाएको छ भनेर प्रश्न सोध्छ । फिल्ममेकरको समाजसँग जहिले पनि द्वन्द्वात्मक सम्बन्ध हुन्छ । फिल्ममेकरको रुपमा हामीलाई यो समाजले गरेको ढोंगी व्यवहार जुन छ त्यसलाई चुनौति दिने मनोविज्ञान निर्माण हुन्छ । थोरै मान्छेले मात्र यो कुराको प्रयत्न गर्छन् । त्यो फिल्म मेकरले पनि चुनौति दिएको हो ।

सन्दीप रेड्डी भांगाले पनि चुनौति दिने आँट गरेको हो । मैले 'बधशाला'मा चुनौति दिने आँट गरेँ । केही आँटिला फिल्ममेकरले हिंसालाई यसरी प्रस्तुत गर्छन् कि समाजले मान्छेको मनोविज्ञानलाई हिंसात्मक बनाएको छ भनेर देखाउन पनि यस्ता फिल्म बनाउनुपर्छ । कलात्मकरुपमा पनि यस्ता फिल्म बनाउनु आवश्यकता हो । यस्ता फिल्मले कहिलेकाहिँ औषधिको रुपमा काम गर्छन् । मानिसभित्र दबिएको हिंसात्मक कुरालाई पर्दामा हेर्दा बाहिर पनि ल्याइदिन्छ ।

हामीले सांस्कृतिकरुपमै 'अल्फा मेल'को अवधारणालाई अघि बढाएका छौं । रणवीर कपुरले अल्फा मेललाई पर्दामा प्रतिविम्वित गरेको छ । साथै, यस्तो पुरुषले कस्तो परिस्थिती सिर्जना गर्छन् भन्ने पनि देखाइदिएको छ । के देखायो भन्ने होइन, त्यसको कारणले कस्तो परिणती निम्तिन्छ भन्ने पनि देखाएको छ । एनिमलको महत्वपूर्ण पाटो भनेको- यो फिल्म सम्बन्धको गजबको पाटो पनि हो । हरेक बाले आफ्नो छोराछोरीको सुरक्षा गर्छ भन्ने एउटा अवधारणा छ ।

फिल्मले नाटकीयरुपमा भन्छ- हरेक छोराछोरीले बाआमाको पनि सुरक्षा गर्न सक्छ । बाको सुरक्षा गर्न ऊ जुनसुकै हदमा जान सक्छ भन्ने कुरा छ । हाम्रो समाजमा छोराको मनभित्र जुन इगो तत्व छ, त्यो एलिमेन्टलाई पनि उसले प्रतिनिधित्व गरेको छ । बा र छोराको सम्बन्धको यो गजबको पाटो हो । बाको सम्बन्धमा छोरा सुरक्षित हुने जुन मनोविज्ञान छ, फिल्मले त्यो मात्र होइन- छोराको संरक्षणमा बा पनि सुरक्षित हुन्छ भन्ने कुराको अप्रोच हो । फिल्मको शक्तिशाली पक्ष हो । अहिले फिल्म चल्नुको सबैभन्दा ठूलो हतियार नै यही हो । 'एनिमल' हिंसाको आधारमा चल्यो भन्नु एकदमै सतही प्रतिक्रिया मात्र हो ।

यो सिनेमा सम्बन्धको आधारले चल्या हो । अनि त्यो सम्बन्ध यति धेरै युनिभर्सल छ कि यो सम्बन्धमा हरेक छोराले बाको सुरक्षा गर्ने सामर्थ्य बोकेको व्यक्ति बन्न चाहन्छ । त्यो चाहनालाई फिल्मले प्रतिनिधित्व गरेको हो । हामीले के बुझ्नुपर्छ भने- कुनै पनि सिनेमा चल्नु पछाडि केही न केही तत्व हुन्छ । त्यो तत्व पहिचान गर्न समय लाग्ला त्यो तत्व हुन्छ । 'एनिमल' भन्ने फिल्मले समाजमा बढेको कुरुपतालाई गजबको व्यंग्य गरेको छ । त्यसकारण पनि यो फिल्म चलेको हो ।

(स्रोत: अनलाइनखबर)

# रडको मूल्य घट्यो, सिमेन्टको स्थिर



काठमाडौं/हिउँद लागेसँगै देशैभर निजी र सार्वजनिक निर्माण पूर्वाधारको मौसम सुरु भएको छ । गत शुक्रबार मात्रै नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको समीक्षामार्फत घर, जग्गा, आवास निर्माण लगायतमा प्रवाह हुने कर्जा नीतिमा केही सहजीकरणको नीति लिएपछि निर्माण क्षेत्रको मनोबल बढेको यस क्षेत्रका जानकारहरु बताउँछन् ।

अर्थतन्त्र सुधारको प्रमुख आधारको रुपमा रहेको निर्माण क्षेत्रको उकासिएको मनोबल, बजार मूल्य र उपभोक्ताको ऋयशक्तिबीच समन्वय हुनसके पछिल्लो डेढ वर्षदेखि अर्थतन्त्रले भोगेको संकुचनको अवस्थामा सुधार आउने देखिन्छ ।

निर्माण सामग्री उत्पादन गर्ने र व्यापार गर्नेहरु बजारमा यस्ता सामग्रीको माग निकै कमजोर भइरहेको बताउँछन् । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बजारमा नयाँ माहोल सिर्जना गरिदिएपछि उपभोक्ताहरु निर्माणको चासो बढेको भन्दै केही उत्साहित भने देखिन्छन् ।

विगत एक डेढ वर्षमा फलामे छडको मूल्य घटेको छ भने सिमेन्टको मूल्य भने स्थिर देखिन्छ । डेढ वर्षअघि अर्थात् २०७८ को अन्तिमतिर छडको मूल्य प्रतिकिलो १२४ रुपैयाँसम्म पुगेको थियो । त्यसपछि क्रमशः घटेको मूल्य अहिले ९२ रुपैयाँ प्रतिकिलोमा कारोबार भइरहेको छ । यही पृष्ठभूमिमा हामीले काठमाडौं उपत्यकाको बजार लाई आधार मानेर निर्माण सामग्रीको पछिल्लो मूल्य अवस्था यहाँ प्रस्तुत गरेका छौं ।

**सिमेन्ट** : सिमेन्ट उत्पादकहरुका अनुसार यतिबेला बजारमा सिमेन्टको न्यूनतम मूल्य ४४० रुपैयाँ प्रतिबोरा छ । त्यसभन्दा माथिको मूल्य सिमेन्ट कम्पनी अनुसार फरक-फरक छ । प्रतिस्पर्धी बजार भएका कारण धेरैजसो सिमेन्ट उद्योगले आफ्नो मूल्य सार्वजनिक रुपमा प्रस्तुत गर्दैनन् । तर केही मूल्य भने हामीले कम्पनी र त्यसका वितरकबाट लिएका छौं ।

काठमाडौंको नजिक रहेको ह्वासिनले सबैभन्दा सस्तो मूल्यमा अहिले सिमेन्ट बिक्री गरिरहेको छ । कम्पनीको पीपीसी सिमेन्टको मूल्य ४४० रुपैयाँ प्रतिबोरा छ । यस्तै सोही कम्पनीको ओपीसी सिमेन्ट ४३ ग्रेडको प्रतिबोरा मूल्य ५४० रुपैयाँ छ भने ५३ ग्रेडको मूल्य ५६० रुपैयाँ छ ।

बजारमा निर्माण सामग्रीको मागमा चहलपहल सुरु भएपछि होङ्सी सिमेन्टले केही दिनअघि मात्रै आन्तरिक निर्णयबाट सिमेन्टको मूल्य प्रतिबोरा ३० रुपैयाँ घटाउने निर्णय गरेको वितरकहरुले बताएका छन् । तर यसबारे कम्पनीले स्वतन्त्र पुष्टि गरेको छैन । काठमाडौं उपत्यकामा अहिले होङ्सी सिमेन्टको मूल्य पीपीसीमा प्रतिबोरा ५२० बाट सुरु हुन्छ । यस्तै यो कम्पनीको ओपीसी सिमेन्टको मूल्य प्रतिबोरा ६३० रुपैयाँभन्दा माथि छ ।

यस्तै, अर्को सिमेन्ट ब्राण्ड अर्घाखाँचीले काठमाडौंमा पीपीसी सिमेन्ट प्रतिबोरा ५२० र ओपीसी प्रतिबोरा ६४० रुपैयाँमा बिक्री गरिरहेको छ । युनाइटेड सिमेन्टले काठमाडौं उपत्यकामा पीपीसी सिमेन्टको मूल्य ५२० र ओपीसीको मूल्य प्रतिबोरा ६२० रुपैयाँ तोकेको छ । देशभर करिब ३७ वटा सिमेन्ट उद्योग अहिले सञ्चालनमा रहेका कारण ती कम्पनीको ब्राण्ड र उपलब्धता अनुसार निर्माण क्षेत्रका आधारमा मूल्यमा भने केही फरक पर्नेछ ।

**डण्डी**: नेपाल स्टील्स रोलिङ मिल एशोसिएसनका अनुसार बजारमा अहिले डण्डीको माग कम छ । कम मागका कारण डण्डीको मूल्य पनि घटेर सबैभन्दा तल्लो बिन्दुमा आइपुगेको छ । दर्जनौं कम्पनीले अहिले बजारमा डण्डी उत्पादन गरिरहेका छन् । तीमध्ये अधिकांशको मूल्य काठमाडौं उपत्यकामा प्रतिकिलो ९२ रुपैयाँ हाराहारीमा रहेको एशोसिएसनले जनाएको छ ।

**इँट्टा**: नेपाल इँट्टा उत्पादक महासंघका अनुसार निर्माण घटेको असर अहिले इँट्टा बजारमा पनि परेको छ । बजारमा माग घटेका कारण व्यवसायीहरुले उद्योगमा नयाँ उत्पादनमा थप लगानी नगरेको उद्योगी एवं महासंघका पूर्वअध्यक्ष महेन्द्रबहादुर चित्रकार बताउँछन् ।

उनका अनुसार घर र पूर्वाधार निर्माणका लागि सबैभन्दा धेरै प्रयोग हुने इँट्टा एक नम्बर हो । यसको मूल्य प्रतिगोटा १५ देखि १६ रुपैयाँ मात्रै पर्छ । यसको मूल्य त्यो भन्दा कम पनि हुन सक्ने भएकाले सो भने बिक्रेता र खरिदकर्ता बीचमा भर पर्छ ।

(स्रोत: अनलाइनखबर)

# एनएसएलमा काठमाडौंसँग पोखरा स्तब्ध

काठमाडौं/नेपाल सुपर लिग एनएसएल फुटबलमा पोखरा थन्डर्स पहिला लिएको अग्रता जोगाउन नसक्दा काठमाडौं रेजर्ससँग पराजित भएको छ ।

यससँगै काठमाडौंले लगातार तीन खेलको जितविहीन यात्रा पनि टुंग्याएको छ । पोखराको चार खेलको अपराजित यात्रा समाप्त भएको छ । दशरथ रंथशालामा पोखरालाई २-१ ले हराउँदै काठमाडौं ८ अंकसहित तालिकाको तेस्रो स्थानमा उक्लिएको छ । पोखरा र धनगढी एफसीको पनि समान ८ अंक छ । तर हेड टु हेडमा पोखरा चौथो स्थानमा झरेको छ ।

धनगढीले ४ खेल मात्र खेलेको छ । ५ खेल नै खेलेको ललितपुर सिटी एफसी ९ अंकसहित तालिकाको शीर्ष स्थानमा छ

काठमाडौंलाई जिताउन शोखरुले इन्जुरी समयमा गोल गरे । उनले पोखराका किपर प्रिसो अघि बढेको अवस्थामा उनलाई बिट गर्दै भलिबल प्रहार गरेको बल गोल भएको हो । यसअघि खेलमा ५९ औं मिनेटमा पोखराका मार्की आयुष घलानले गोल गर्दै टिमलाई अग्रता दिलाए ।

स्टेफेन कोजो एनोरले हानेको शक्तिशाली प्रहार काठमाडौंका किपर अन्जल श्रेष्ठले बचाउने क्रममा पूर्ण रुपमा रोक्न सकेनन् र रिबाउन्डमा आयुषले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए ।

तर त्यो अग्रतालाई काठमाडौंले ८३ औं मिनेटमा तोडेको थियो । एनकुनगुए जुनियरले बक्सको एजबाट हानेको प्रहार गोल भएको थियो। पोखराका किपर प्रिसोले बचाउने प्रयास गरे पनि सकेनन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरका दुई अस्पतालबाट सुरक्षा कोषको सुविधा पाइने

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरका दुईवटा निजी अस्पतालबाट सामाजिक सुरक्षा कोषको सुविधा पाइने भएको छ । मकवानपुरका दुईसहित देशभरका ७१ वटा अस्पतालले कोषको सुविधा दिने भएको हो ।




सामाजिक सुरक्षा कोषले योगदानकर्ताको सुविधाका लागि हालसम्म देशभरका ७१ वटा अस्पतालसँग अनलाइन सम्झौता गरेको छ । सम्झौतासँगै कोषको योगदानकर्ताले उपचारपछि कोषको कार्यालयमा पुगेर दाबी भुक्तानी लिनु नपर्ने भएको छ । सामाजिक सुरक्षा कोषको सुविधा दिने मकवानपुरका दुईवटा अस्पतालमा हेटौंडा-११ थानाभन्याङमा रहेको चुरेहिल अस्पताल प्रालि र १ नम्बर वडास्थित मकवानपुर सहकारी अस्पताल रहेको कोषको सह-प्रवक्ता रोहित रेग्मीले जानकारी दिए ।

योगदानकर्ताले उपचार पछि कोषको कार्यालयमा पुगेर दाबी भुक्तानी लिनु नपर्ने गरी देशभरका ७१ अस्पतालसँग अनलाइन सम्झौता गरिएको कोषको सह-प्रवक्ता रेग्मीले बताए । सम्झौता भएका अस्पताल अन्तर्गत अनलाइन सेवा सञ्चालन भएका अस्पतालबाट कोषले उपलब्ध गराएका औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना सेवा लिँदा लाभग्राहीले उपचार गर्दा लागेको रकमको २० प्रतिशत मात्र बुझाए पुग्ने उनको भनाइ छ ।

दुर्घटना तथा अशक्तता सुरक्षा योजनाअन्तर्गतका स्वास्थ्य सुविधा लिँदा लाभग्राहीले तोकिएको सीमाभित्र रही कुनै पनि भुक्तानी गर्नु नपर्ने उनको भनाई छ । २०७९ फागुन १ यता देशभरका विभिन्न स्थानमा अनलाइन (लाइभ) सम्झौता भएका छन् । जसमध्ये हालसम्म ७१ अस्पतालबाट औषधि उपचारबापतको सुविधा भुक्तानी हुनेछ । त्यसबाहेकका स्थानमा जुनसुकै अस्पतालमा उपचार गर्दा कोषको कार्यालयमा आवश्यक कागजात बुझाएर दाबी गर्नुपर्ने उनको भनाई छ ।

आगामी दिनमा अस्पतालको आबद्धतालाई संख्यात्मक र गुणात्मक रुपमा बढाउँदै लैजाने प्रतिबद्धता कोषले जनाएको छ । नियमित योगदान गर्ने योगदानकर्ताले कोशी प्रदेशका १५, मधेस प्रदेशका १२, बागमती प्रदेशका २८, गण्डकी प्रदेशका ८ र लुम्बिनी प्रदेशका ८ वटा गरी कोषको प्रणालीसँग जोडिएका ७१ अस्पतालमा कोषको परिचयपत्र देखाएर सुविधा लिन पाउने उनको भनाइ छ ।

बागमती प्रदेशमा मकवानपुरका दुई अस्पतालसहित, कलेज अफ मेडिकल साइन्स-पुरानो मेडिकल कलेज भरतपुर, चितवन मेडिकल कलेज टिचिङ हस्पिटल भरतपुर, मनकामना अस्पताल भरतपुर, शिर मेमोरियल अस्पताल बनेपा, धुलिखेल अस्पताल काभ्रे, वीर अस्पताल काठमाडौं, राष्ट्रिय ट्रमा सेन्टर काठमाडौं, त्रिवि शिक्षण अस्पताल काठमाडौं, सहिद गंगागाल राष्ट्रिय मुटु केन्द्र काठमाडौं, हेल्पिङ ह्यान्ड्स सामुदायिक अस्पताल काठमाडौं, मनमोहन मेमोरियल काठमाडौं, काठमाडौं मेडिकल कलेज, ने.अ.सं. नेपाल अर्थोपेडिक अस्पताल काठमाडौं, तिलगंगा आँखा अस्पताल काठमाडौंलगायतका गरी २८ वटा छन् ।

# हाँडीखोलामा मृत भेटिइन् २० वर्षीया युवती



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा आफन्तकोमा पाहुँना लाग्न गएकी एक युवती मृत भेटिएकी छन् ।

हेटौंडा उपमहानगर पालिका-१७ हटियाबाट मनहरी गाउँपालिका-३ स्थित निर्मलाबस्तीमा पाहुना लाग्न गएकी अन्दाजी २० बर्षीया कान्छी (बोलाउने नाम) प्रजा मृत भेटिएकी हुन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार उनी निर्मलाबस्तीस्थित आफन्त शान्ति प्रजाको घरमा गएकी थिइन् ।

शनिबार बेलुका खाना खाएर एक्लै कोठामा सुतेकी कान्छी आइतबार बिहान मृतअवस्थामा फेला परेको प्रहरीले जनाएको छ । बागमती प्रदेश प्रहरीका अनुसार मृतक युवतीको शरीरमा चोटपटक देखिएको छैन । शव पोष्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ ।

# बसामाडीको जेसीज सप्ताह समापन

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ बसामाडी जेसीजको जेसीज सप्ताह समापन गरिएको छ । तीनदिन विविध कार्यक्रमको आयोजना गर्दै शनिबार जेसीज सप्ताह समापन गरिएको हो ।

कार्यक्रम संयोजक बुद्धराज अर्यालको संयोजकत्व एवम् जेसीजका अध्यक्ष जनक भण्डारीको अध्यक्षतामा भएको समापन कार्यक्रममा राष्ट्रियसभा पूर्वसदस्य एवम् संविधानसभा सदस्य रामनारायण बिडारीको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि विडारीले युवाले परिवतर्नका लागि लडेका दल र उनीहरुको भूमिकालाई नबुझ्दा मुलुक राजनीतिक द्वन्द्वमा जाला भन्ने डर भएको धारणा राखे ।




युवालाई राजनीतिक आन्दोलन र त्यसबाट प्राप्त उपलब्धिका विषयमा थाहै नभएको बताउँदै बिडारीले युवा विदेश पलायन डरलाग्दो अवस्थामा पुगेको भन्दै चिन्ता व्यक्त गरे । कार्यक्रममा नेपाल जेसीजका उपाध्यक्ष एवम् बसामाडी जेसीजका पूर्वअध्यक्ष सरोजराज अधिकारी, राष्ट्रिय उपाध्यक्ष भीमबहादुर कुंवर, हेटौंडा जेसीजका अध्यक्ष श्रवणकुमार बर्तौला, लेडी जेसीज अध्यक्ष दिलु घर्ती, बस्तीपुर जेसीजका अध्यक्ष प्रेमबहादुर गोङ्बा, चैनपुर जेसीज प्रस्तावितका अध्यक्ष गणेशदर्पण अधिकारी, बसामाडी जेसीजका पूर्वअध्यक्ष अनिल अग्रवाल, जेसीज सप्ताह मूलकार्यक्रम संयोजक उद्धवराज कठायत, सहमूल कार्यक्रम संयोजक जेपी यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

बसामाडीले तीन दिनमा ७ वटा कार्यक्रमको आयोजना गरी जेसीज सप्ताह मनाएको हो । जेसीज सप्ताह अन्तर्गत भएका विभिन्न प्रतियोगिताका विजेता र सहयोगीलाई कदरपत्र समेत प्रदान गरिएको थियो ।

# मकवानपुरका शिवालयमा छरियो शतबीज

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ प्रत्येक वर्ष मार्गशीर्षकृष्ण चतुर्दशीका दिन दिवगंत पितृको सद्गतिको कामना गर्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा शतबीज छरिएको छ ।

आइतबार रातभर दीपदान गरी बसेका भक्तजनले सोमबार बिहानै पितृको सम्झनामा शतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् । हेटौंडा-४ को पशुपति मन्दिर र हेटौंडा-१ स्थित राप्ती किनारको गोरक्षश्वर मन्दिरलगायत मकवानपुरका १० वटै स्थानीय तहका शिवालयमा शतबीज छरिएको छ । हिजो रातभर दीपदान गरी बसेका भक्तजनले आज बिहानै पितृको सम्झनामा शतबीज छरेका हुन् ।



शतबीज छर्न मकवानपुरका विभिन्न ठाउँबाट भक्तजनहरु हेटौंडाको पशुपतिमा आएका थिए । पशुपति मन्दिरमा आउन नसक्ने भक्तजनले भने आआफ्ना घर नजिकैको शिवालयमा शतबीज छरेका छन् । आफ्नो परिवारभित्रका दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै १०८ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरुप र किराँतेश्वर आदि ठाउँमा शतबीज छर्ने गरिन्छ ।

बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८०
मूल आयोजक समितिको

**खुला नृत्य प्रतियोगितासम्बन्धी सूचना**

बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८० मूल आयोजक समिति मकवानपुरद्वारा मिति २०८० पुस ५ गतेदेखि १७ गतेसम्म हेटौंडामा आयोजना गर्न लागेको बृहत् खेलकुद तथा व्यापार महोत्सवमा खुला नृत्य प्रतियोगिता आयोजना हुने सहर्ष जानकारी गराउँदै नृत्य प्रतियोगितामा भाग लिन इच्छुक महानुभावहरुले यस महोत्सव आयोजक समितिमा मिति २०८० पुस ४ गतेसम्म सम्पर्क गरी महोत्सवमा आफ्नो नृत्य कला प्रस्तुत गर्ने अवसरको सदुपयोग गर्नुहुन सूचित गरिन्छ । सहभागी हुन इच्छुकहरुले आफ्नो जन्मदर्ता अथवा नागरिकताको प्रतिलिपिसहित आयोजक समितिले उपलब्ध गराएको फाराम भर्नु पर्नेछ ।

**बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८०**
मूल आयोजक समिति मकवानपुर
सम्पर्क: ९८५५०६८८७३

# चीनको युनान प्रदेश र बागमती प्रदेशबीच भगिनी सम्बन्धका लागि छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माले बागमती प्रदेश र चीनको युनान प्रदेशबीच भगिनी सम्बन्ध स्थापित गराई आपसी सहयोगको वातावरण निर्माणका लागि प्रस्ताव गरेका छन् ।

मङ्सिर १६-२१ सम्मको भ्रमणका क्रममा प्रदेशप्रमुख शर्माले चीनको युनान प्रदेशका भाइस गभर्नर लाई बागमती प्रदेश र युनान प्रदेशबीच मित्रवत सम्बन्ध स्थापनाका लागि प्रस्ताव गरेका हुन् । यसखालको सम्बन्ध स्थापित भएमा दुई देशका प्रदेशबीच आपसमा कृषि, पर्यटनलगायत क्षेत्रमा सहयोगको वातावरण सृजना हुने अपेक्षा गरिएको छ । यस्तै, भ्रमणका क्रममा चीनको स्थानीय तह र नेपालको स्थानीय तहबीच मित्रवत् सम्बन्ध स्थापित गरी आपसी सहकार्यमा अगाडी बढ्ने विषयमा पनि प्रदेशप्रमुख शर्माले जोड दिएका थिए ।

प्रदेशप्रमुख शर्माको नेतृत्वको पाँच सदस्यीय भ्रमण टोलीले चीनको युनान प्रदेशको कृषि पर्यटनका विभिन्न क्षेत्रको अवलोकन गरेको थियो । भ्रमण टोलीमा प्रमुख शर्मा पत्नी उर्मिला चौलागाईं, हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामा, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र प्रदेशप्रमुखको कार्यालयका उपसचिव गोविन्दप्रसाद पौडेल रहेका थिए ।

बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८०
मूल आयोजक समितिको

**सुरक्षागार्ड आवश्यकतासम्बन्धी सूचना**

*सूचना प्रकाशित मिति: २०८०/८/२६*

बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८० मूल आयोजक समिति मकवानपुरद्वारा मिति २०८० पुस ५ गतेदेखि १७ गतेसम्म हेटौंडामा आयोजना गर्न लागेको बृहत् खेलकुद तथा व्यापार महोत्सव अवधिभर शान्ति सुरक्षा प्रदान गर्न केही सुरक्षा गार्ड आवश्यक पर्ने भएको हुँदा उक्त अवधिभर सुरक्षा गार्ड सेवा प्रदान गर्न इच्छुक कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस आयोजक समितिको कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गर्नुहुन सूचित गरिन्छ । साथै, शिलबन्दी दरभाउपत्रको साथमा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आवसम्मको करचुक्त प्रमाणपत्रको प्रतिलिपि, दिवा र रात्रिकालीन सुरक्षा सेवाको दररेट स्पष्ट खुल्ने गरी पठाउनु हुन सूचित गरिन्छ । प्राप्त शिलबन्दी दरभाउपत्र मूल्याङ्कन गरी छनौट गर्ने सम्पूर्ण अधिकार मूल आयोजक समितिमा निहित रहनेछ ।

**बृहत् खेलकुद तथा व्यापार महोत्सव-२०८०**
मूल आयोजक समिति मकवानपुर
सम्पर्क: ९८५५०६८८७३

# छुट्टाछुट्टै दुर्घटनामा परी ५ जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २५ मंसिर/ हेटौंडा उपमहानगरपालिकाको छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा परी तीनजना पैदलयात्र्सहित ५ जना घाइते भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-३ बसामाडीमा हेटौंडा बजारबाट लेवट जाँदै गरेको बा ९१ प १७६९ नम्बरको मोटर साइकलको ठक्कर दिँदा दुई पदैलयात्री सहित ३ जना घाइते भएका हुन् । घाइते हुनेहरुमा पैदलयात्री स्थानीय ६६ बर्षीय भगवान नहर्की, १४ बर्षीया अन्जली दंगाल र मोटर साइकल चालक हेटौंडा-१२ रमनटार बस्ने ३२ बर्षीय दिनेश चौलागाई रहेको बागतमी प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

हेटौंडा उपहानगर पालिका-१८ मा हटियाबाट ठुलोदमार आउँदै गरेको बा६५प १८५१ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री सहित २ जना घाइते भएका छन् । प्रहरीका अनुसार पैदलयात्री हर्नामाडी बस्ने ४५ वर्षीय धनबहादुर बिश्वकर्मा र मोटरसाइकल चालक बकैया गाउँपालिका-४ जुरेली बस्ने ५५ बर्षीय मानबहादुर सुनार घाइते भएका छन् । दुबै घटनामा घाइते भएका ५ जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
हेटौंडा, मकवानपुर

**करार प्रकृयाद्वारा खाद्य निरीक्षक पदपूर्ति गर्ने सम्वन्धीको सूचना**

*सूचना प्रकाशित मिति २०८०/०८/२५*

यस निर्देशनालयमा रिक्त रहेको अस्थायी दरवन्दी तर्फको तपसिल अनुसारको पदमा २०८१ असार मसान्तसम्मको लागि करार प्रकृयाद्वारा जनशक्ति छनौटगरी कामकाजमा लगाउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आफूले प्राप्त गरेका प्रमाण-पत्रहरुसमेत राखी यस निर्देशनालयमा आवेदन गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**
१, वि.नं.:- ०१/२०८०/०८१ २, सेवा :- कृषि
३, समूह :- फूड न्यूट्रिशन एण्ड क्वालिटी कन्ट्रोल ४, पद :- खाद्य निरीक्षक
५, तह :- सहायकस्तर पाँचौं तह ६, आवश्यक पद संख्या :- १ (एक)
७, तलव सुविधा :- सहायक स्तर पाँचौं पदमा तोकिएको प्रचलित स्केल अनुसार।
८, न्यूनतम शैक्षिक योग्यता :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा १०+२ उत्तीर्ण ।
९, छनौटको किसिम :- सट लिष्ट तथा अन्तरवार्ता ।
१०, दरखास्त दस्तुर :- रु, ७००।- यस निर्देशनालयको कोड नं. ३२५००३२१६३ प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाको नाममा प्रशासनिक दस्तुर/राजस्व शीर्षक नं. १४२२९ रा.वा.बैंक हेटौडाको राजस्व खाता नं. १०००२०००१०००० मा जम्मा गरेको बैंक भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ । दरखास्त फाराम यस निर्देशनालयबाट उपलब्ध गराईने छ ।
११, दरखास्त दिने अन्तिम मिति :- २०८० साल पौष ११ गते कार्यालय समय भित्र ।
१२, उमेर :- १८ बर्ष पूरा भइ ३५ बर्ष ननाघेको, महिलाको हकमा १८ वर्ष पूरा भइ ४० बर्ष ननाघेको ।
१३, दरखास्तसाथ पेश गर्नुपर्ने अन्य कागजात :- नेपाली नागरिकताको प्रतिलिपि, एस.ई.ई वा सो भन्दा माथिको शैक्षिक योग्यताको लब्धाङक पत्र, चारित्रिक प्रमाण पत्र, विदेशी विश्वविद्यालयबाट उत्तीर्ण गरेको भए समकक्षता निर्धारण भएको प्रमाण पत्र । कार्य अनुभव भए सो को प्रतिलिपि, अन्तरवार्तामा आउँदा सक्कलै प्रमाणपत्रहरु साथमा लिइ आउनु पर्नेछ ।
१४, विशेष ग्राह्यता :- खाद्य प्रविधि विषयमा स्नातक तह उत्तीर्ण गरी सरकारी मान्यता प्राप्त कुनै संघ-संस्था वा कार्यालयमा सम्वन्धित काममा कम्तीमा १ वर्षको अनुभव प्राप्त गरेको।
१५, सम्पर्क मिति :- २०८०/०९/१२ गते
१६, अन्तरवार्ता मिति :- सम्पर्क मितिमा तोकिनेछ ।
१७, अन्तरवार्ता हुने स्थान :- उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौंडा ।

हेटौंडामै उत्पादित

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
**हेटौंडा-४, मकवानपुर**
**९८४५२६२५२२, ९८५५०७२६२३**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना